नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
**द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनामा भएको क्षतिको विवरण छानविन एवं परिक्षण सम्वन्धी कार्यदल- २०७३**

बवरमहल, काठमाण्डौ
फोन नं. ०१-४२२०४२५

प.सं.: ०७३/७४
च.नं.: ०२

मिति : - २०७३।११।१७

श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
(७५ जिल्ला) ।

**विषय :- विवरण एकिन गरि पठाईदिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।१०।०६ गतेको गठन आदेशको निर्णय बमोजिम मिति २०७३।११।०६ गते संयोजक श्री रामचन्द्र घिमिर, सदस्य डा.सभुाष चन्द्र यादव, श्री सुनिता रेग्मी, श्री धर्मबहादुर के.सी.र श्री बृषराज गुरुङ रहनु भएको कार्यदल गठन गरिएको, यस कार्यदलले कार्य प्रारम्भ गरिसकेको र यस कार्यदलको मिति २०७३।११।१६ गतेको बैठकले देहाय वमोजिमको निर्णय गरेको व्यहोरा अनुरोध छ ।

**निर्णय**

यस कार्यदललाई नेपाल सरकारद्वारा आ.व. २०७१/०७२ मा गठन गरेको **पाँचौ कार्यदल** र शान्ति तथा पुनर्निर्माण मन्त्रालय (मा. मन्त्रीस्तर) को निर्णयबाट गठन गरिएको **कार्य समूह**को प्रतिवेदनमा उल्लेख भएका घटनाहरुको आवश्यकता अनुसार छानविन एवं परीक्षण गरि एकिन गर्ने जिम्मेवारी तोकिएकोले जिल्ला प्रशासन कार्यालयहरु मार्फत तत्कालिन **पाँचौ कार्यदल** (२०७१।१०।८ देखि २०७२।०१।८ सम्म) लाई पठाईएको द्वन्द्व प्रभावित व्यक्ति, परिवार एवं संरचनाको लगतमा सच्चाउन पर्ने भएमा थप जानकारी सहितको विवरण १५ दिन भित्र यस कार्यदलमा प्राप्त हुने गरि पठाई दिन सवै जिल्ला प्रशासन कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

साथै जिल्ला प्रशासन कार्यालयहरुबाट तोकिएको अवधिमा कुनै विवरण प्राप्त हुन नआएमा साविकमा पठाईएको कागजपत्रहरुलाई नै आधार मानि एकिन गरिने व्यहोरा समेत जानकारी गराउने निर्णय गरियो ।

उपरोक्त निर्णय कार्यन्वयनको लागि आवश्यक सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

(देव बहादुर अधिकारी)
कार्यदलको सचिव

**बोधार्थ**

श्री स्थानीय शान्ति समितिको कार्यालय,
सवै जिल्ला :- यस कार्यमा आवश्यक सहयोग गरिदिनुहुन ।

२०६३।११।१६

श्री कार्यालय सहायकज्यू
स्थानीय शान्ति समितिको कार्यालय
(सबै जिल्ला)

यो कार्यविधिको पत्र प्रिन्ट गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा तुरुन्त उपलब्ध गराई दिनु हुन र यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीज्यूलाई सहयोग गरि दिनु हुन अनुरोध गर्दछु ।

(हरि ब. अधिकारी)
उपसचिव